"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

०११-४०४०३१
०११-४०४०६८

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
प्रदेश नं. ३, नेपाल

पत्र संख्या : ०७४/७५
चलानी नं. : २६६८

मिति : २०७५/०३/३२

## सूचना । सूचना ॥ सूचना ।

### विषय : ईंटाभट्टा नवीकरण तथा सञ्चालन सम्बन्धमा ।

यस नगरपालिका क्षेत्रमा संचालित ईटा भट्टाहरुको विषयमा उद्योग, वाणीज्य तथा आपूर्ति मन्त्रालयको मिति २०७५/०२/२० को प्राप्त पत्रबाट वातावरणीय मापदण्ड पुरा नगरेका ईटा उद्योगहरुको नवीकरण नगर्न भनि लेखि आएको र हाल संचालनमा रहेका ईटाभट्टाहरुको मिति २०७४/१२/१२ मा वातावरण विभागबाट गरिएको अनुगमनबाट वातावरण सम्बन्धी पालना गर्नुपर्ने मापदण्डहरु कुनै पनि ईटाभट्टाहरुले पुरा गरेको नपाइएकोले आगामी आ.व. २०७५/०७६ बाट उक्त ईटाभट्टाहरुको नवीकरण नगर्ने व्यहोरा जानकारी गराईन्छ । साथै सो क्षेत्रहरुमा यस नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम भू-उपयोग नीति तयार गरी कार्यान्वयन गर्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

पुनश्च:मिति २०७४/१२/१३ गतेको पत्र, विभिन्न संचार माध्यमबाट प्रसारण भएको सूचना, नगरपालिकाको अधिकारिक वेवसाइट तथा फेसबुक पेज, नगरकार्यपालिकाको विभिन्न निर्णयहरुलाई अटेर गरी पेश्की वितरण तथा उद्योग संचालन गराएमा व्यवसायी स्वयम् जवाफदेही हुने व्यहोरा जानकारी गराईन्छ । आ.व. २०७४/०७५मा उल्लेख प्रदूषण कर संकलन गरेता पनि आ.व. २०७५/०७६ मा उद्योग संचालन नगर्नु हुन समेत जानकारी गराईन्छ ।

(भागवत प्रसाद रेग्मी)
प्रशासकीय अधिकृत

भागवत प्रसाद रेग्मी
प्रशासकीय अधिकृत